उपराष्ट्रपति

काठमाडौं, नेपाल

# विवाह पञ्चमी, २०८२ को शुभकामना

विवाह पञ्चमी, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विवाह पञ्चमी, भगवान श्रीराम र माता सीताको दिव्य विवाहको स्मरण गर्ने पावन अवसर हो, जसले प्रेम, आदर, सदाचार, विश्वास, सद्भाव र धार्मिक आस्थाको मूल्यलाई उजागर गर्दछ । यस अवसरमा मधेश प्रदेशको राजधानी जनकपुरधाममा परम्परागत रूपमा मनाइने साताव्यापी महोत्सवले नेपालको मौलिक संस्कृति र सामाजिक एकतालाई जीवन्त राख्दै आएको छ । राम-सीताको प्रतिमा र झाँकीसहित 'नगरदर्शन' बाट शुरु हुने यो महोत्सव 'फुलबारी लिला', 'धनुष यज्ञ', 'तिलकोत्सव', 'मटकोर', 'राम-सीताको स्वयम्बर-विवाह' अनुष्ठान गर्दै अन्तिम दिन 'रामकलेवा' गरी सम्पन्न हुन्छ ।

यस अवसरमा गरिने लोकनृत्य, गुञ्जिने लोकगीत-संगीत, मौलिक झाँकीको प्रदर्शन, भजन-कीर्तन लगायतका अनुष्ठानले सिंगो देश र समुदायलाई एकताको सूत्रमा बाँध्न सहयोग पुग्दछ । विवाह पञ्चमीको अवसरमा भारतको अयोध्याबाट सन्त महन्थहरुसहितको श्रद्धालु भक्तजनहरुको जन्ती जनकपुरधाम पुग्ने पौराणिक रीतिरिवाजले नेपाल र भारतबीचको ऐतिहासिक, रोटीबेटी, सांस्कृतिक र धार्मिक सम्बन्धलाई थप प्रगाढ, सुदृढ र बलियो बनाउने विश्वास लिएको छु ।

**अन्त्यमा,** यस अवसरमा सीता-रामको विशेष पूजाअर्चनाले परिवार, समाज र राष्ट्रमा सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास रही आएको छ । विवाह पञ्चमीले हामी सबैलाई सत्यता, सहिष्णुता, मैत्रीभाव, मेलमिलाप र परोपकारको **मार्गमा** अघि बढ्ने प्रेरणा प्रदान गरोस् भन्ने हार्दिक मंगलकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ मंसिर ९ गते मंगलबार ।<br>
ने.सं. ११४६ थिंल्लाथ्व, पञ्चमी ।

**रामसहाय प्रसाद यादव**<br>
उपराष्ट्रपति